तामाकोशी गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

| खण्ड १ | संख्या ७ | मिति २०७५।०१।२६ |
|---|---|---|

भाग १

## तामाकोशी गाउँपालिका

**नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभआले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

सम्वत् २०७५ सालको ऐन संख्या ७


# सहकारी ऐन, २०७५

**प्रस्तावना:** सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीय स्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्वन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित सङ्गठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी सङ्घ संस्थाहरुको दर्ता, सञ्चालन एवं नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम तामाकोशी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"सहकारी ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि तामाकोशी गाउँपालिका सरहद भित्र लागू हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **“आन्तरिक कार्यविधि”** भन्नाले सहकारी संस्थाले दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्दछ ।

(ख) **“एकतह माथि”** भन्नाले शाखा प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृतको हकमा गाउँपालिकाको अध्यक्ष र गाउँपालिकाको अध्यक्षको हकमा कार्यपालिका सम्झनुपर्दछ ।

(ग) **“कसूर”** भन्नाले दफा ७९ बमोजिमको कसूर सम्झनुपर्दछ ।

(घ) **“कार्यपालिका”** भन्नाले तामाकोशी गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ङ) **“कार्यालय”** भन्नाले तामाकोशी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(च) **“गाउँपालिकाको अध्यक्ष”** भन्नाले तामाकोशी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(छ) **“गाउँपालिका”** भन्नाले तामाकोशी गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ज) **“तोकिएको वा तोकिएबमोजिम”** भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, मापदण्ड, निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्दछ ।

(झ) **"दर्ता गर्ने अधिकारी"** भन्नाले दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ ।

(ञ) **“नीति”** भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा १७ बमोजिम बनाएको नीति सम्झनुपर्दछ ।

(ट) **“परिवार”** भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्दछ।

तर, सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(ठ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ड) **“प्राथमिक पूँजी कोष”** भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्दछ ।

(ढ) **“मन्त्रालय”** भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकार र प्रदेश सरकारको मन्त्रालय सम्झनुपर्दछ ।

(ण) **"मुख्य कारोबार"** भन्नाले संस्थाले संचालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित वचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा विक्री कारोवारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोवार सम्झनुपर्दछ ।

(त) **"लेखा सुपरीवेक्षण समिति"** भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनुपर्दछ ।

(थ) **"वचत"** भन्नाले सदस्यले सहकारी संघ/संस्थामा जम्मा गरेको रकम सम्झनुपर्दछ ।

(द) **"विनियम"** भन्नाले यस ऐन बमोजिम प्रमाणित भएको सम्बन्धित सहकारी संस्थाको विनियम सम्झनुपर्दछ । सो शब्दले यस ऐन बमोजिम संशोधित विनियम समेतलाई जनाउनेछ ।

(ध) **"सदस्य"** भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्दछ।

(न) **"समिति"** भन्नाले दफा ३० को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्दछ ।

(प) **"सहकारी मूल्य मान्यता"** भन्नाले स्वावलम्वन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यबद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यताप्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्दछ ।

(फ) **"सहकारी सिद्धान्त"** भन्नाले **स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालीम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त** सम्झनुपर्दछ ।

(ब) **"सहकारी शाखा"** भन्नाले कार्यालको सहकारी क्षेत्र हेर्ने शाखा सम्झनुपर्दछ।

(भ) **"साधारण सभा"** भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनुपर्दछ ।

(म) **"शेयर"** भन्नाले सहकारी संघ/संस्थाको शेयर पूँजीको अंश सम्झनुपर्दछ ।

(य) **"सञ्चालक"** भन्नाले सञ्चालक समितिको सदस्य सम्झनुपर्दछ र सो शव्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

(र) **"संस्थाको व्यवसाय"** भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्दछ ।

(ल) **"संस्था"** भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनुपर्दछ ।

## परिच्छेद-२

## सहकारी संस्थाको गठन तथा दर्ता

३. **संस्थाको गठन** : (१) कम्तीमा तीस जना नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा वहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भइ व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्र जना नेपाली नागरिकहरू भए पनि संस्था गठन गर्न सक्नेछन् ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा संचालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा वहाल रहेका कम्तीमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

तर, एकसय जना भन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तीमा तीसजना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

(४) उपदफा (१) र (२) बमोजिम संस्था गठन गर्दा उल्लिखित संख्या एक परिवार एक सदस्यका दरले पुगेको हुनुपर्नेछ ।

तर, संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्नेछैन ।

४. **दर्ता नगरी सहकारी सस्था संचालन गर्न नहुने** : (१) यस ऐन बमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न पाइने छैन ।

(२) सहकारी संस्था दर्ताको लागि दफा (३) बमोजिमका नागरिकहरूले प्रारम्भिक भेला गरी सहकारी संस्था दर्ता सम्बन्धमा छालफल एवं निर्णय गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रारम्भिक भेलाले बढीमा नौ जनासम्म संचालक रहेको एक तदर्थ संचालक समिति गठन गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको समितिले प्रस्तावित सहकारी संस्थाको दफा (५) बमोजिमको कागजात र विवरणहरू तयार गर्नुपर्नेछ ।

(५) उपदफा (३) बमोजिमको समितिले तयार गरेको उपदफा (४) बमोजिमको कागजात र विवरणहरू दोस्रो भेला आयोजना गरी अनुमोदन गराउनु पर्नेछ ।

५. <u>दर्ताको लागि दरखास्त दिनु पर्ने</u> : (१) यस ऐन बमोजिम गठन भएका सरकारी संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची-१ को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजात र विवरणहरू संलग्न गर्नु पर्नेछ :-

(क) प्रस्तावित सहकारी संस्थाको विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) सहकारी संस्था गठन गर्ने सम्बन्धी प्रारम्भिक भेला र दोस्रो भेलाको निर्णयको प्रमाणीत छायाँ प्रति,

(घ) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण,

(ङ) सहकारी गठनमा संलग्न नागरिकहरूको नेपाली नागरिकताको छायाँ प्रति,

(च) प्रस्तावित सहकारी संस्थाको तदर्थ समिति, तदर्थ समितिको संचालकको तीनपुस्ते विवरण, स्व-घोषणापत्र, नेपाली नागरिकताको प्रमाणीत छायाँ प्रति र समितिको निर्णय,

(छ) प्रस्तावित सहकारी संस्थाको दर्ता सम्बन्धी कार्य गर्ने अख्तियारी,

(ज) तोकिए बमोजिमको अन्य कागजात र विवरण ।

६. <u>दर्ता गर्नु पर्ने</u> : (१) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ :-

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवं सदस्य केन्द्रित भई संचालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नु पर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना दिनु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम दर्ता ठेगाना गाउँपालिका भई स्थापना र संचालन भएका र गाउँपालिकामा कार्य क्षेत्र विस्तार गरी सञ्चालनमा रहेका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सो को पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

७. **दर्ता गर्न अस्वीकार गर्न सक्ने** : (१) दफा ६ को उपदफा (१) मा उल्लेखित अवस्था नभएमा, सोही दफाको उपदफा २ बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अवधिभित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा वा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र विनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुनेगरी विनियम संशोधन नगरेमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिन भित्र सोको जानकारी सम्बन्धित निवेदकहरूलाई दिनुपर्नेछ ।

८. **सहकारी संस्था संगठित संस्था हुने** : (१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित सङ्गठित संस्था हुनेछ ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) सहकारी संस्थाले यस ऐन र विनियमको अधीनमा रहि प्राकृतिक व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, विक्री वा अन्य व्यवस्था गर्नसक्नेछ ।

(४) सहकारी संस्थाले प्राकृतिक व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) सहकारी संस्थाले प्राकृतिक व्यक्ति सरह करार गर्न सक्नेछ ।

९. **<u>सहकारी संस्थाको कार्यक्षेत्र</u>** : (१) दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्य क्षेत्र देहाय बमोजिम हुनेछः

(क) बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको हकमा एक वडा,

(ख) अन्य संस्थाको हकमा एक वडा वा देहायका आधारमा तीन वडासम्म ।

- सदस्यहरुवीच स्वावलम्वनको पारस्पारिक अभ्यासको लागि आपसी साझा बन्धन (कमन बण्ड),
- व्यवसायिक स्तरमा सेवा संचालन गर्न आवश्यक सदस्य संख्या,
- संस्था संचालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुई वर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरूमा विस्तार गर्नसक्नेछ ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकासका क्रममा सदस्यता बढाउन थप कार्य क्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य संचालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरु अवलम्बन गरिएको,

(ग) वचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा तोकिए बमोजिम भएको ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको कार्यक्षेत्रका वडाहरूमा व्यावसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको खण्डमा दर्ता गर्ने अधिकारीले व्यावसायिक सेवा सञ्चालन भएका वडा मात्र कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्ष भित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नुपर्नेछ ।

(५) कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०. प्रतिवेदन दिनुपर्ने** : दर्ता ठेगाना गाउँपालिका भई संचालन भएका र गाउँपालिकामा कार्य क्षेत्र विस्तार गरी सञ्चालनमा रहेका सहकारी संस्थाले आफूले सञ्चालन गरेको सेवा सम्बन्धि विवरण सहितको प्रतिवेदन दर्ता गर्ने अधिकारीलाई दिनुपर्नेछ ।

**११. विषयगत आधारमा वर्गीकरण** : (१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क) **उत्पादक संस्थाः** कृषि, दुग्ध, चिया, कफि, उखु, फलफुल र माछापालन विशेषका विषयगत र उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमूलक संस्था;

(ख) **उपभोक्ता संस्थाः** उपभोक्ता, भण्डारण, वचत तथा ऋण, उर्जा र स्वास्थ्य विशेषका विषयगत र प्राथमिक आवश्यकता एवं सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था;

(ग) **श्रमिक संस्थाः** हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवं स्वरोजगारीको योजना समेतका आधारमा अन्य श्रममा आधारित संस्था;

(घ) **बहुउद्देश्यीय संस्थाः** उत्पादन, उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने दुई वा सोभन्दा बढी उद्देश्य भएको संस्था ।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा तोकिए बमोजिमका विषयहरु थप गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम बाहेकका अन्य संस्थाहरु गठन गर्न बाधा पर्नेछैन ।

**१२. कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने** : (१) दफा ६ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरेपछि संस्थाले आफ्नो उद्देश्य प्रासिका लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले उपदफा (१) बमोजिम कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्नेछैन ।

तर, त्यस्तो कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमति, स्वीकृति वा इजाजत लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नुपर्नेछ ।

(३) उपदफा (२) अनुसार संस्थाले प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीबाट अनुमति पत्र, स्वीकृति वा इजाजत पत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनुपर्नेछ ।

(४) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धि अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१३. **दायित्व सीमित हुने** : (१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(२) सहकारी संस्थाको नाममा “सहकारी” र नामको अन्त्यमा “लिमिटेड” भन्ने शब्द राख्नु पर्नेछ ।

१४. **सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्ने** : सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नुपर्नेछ ।

## परिच्छेद- ३

## संस्थाका उद्देश्य तथा कार्य

**१५.** **संस्थाको उद्देश्य** : कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ ।

**१६.** **संस्थाको कार्य** : संस्थाका कार्यहरू देहाय बमोजिम हुनेछन्:-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,

(ख) सदस्यको हित प्रवर्द्धन गर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालीम प्रदान गर्ने,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(च) संस्थाको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(छ) दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना गर्ने गराउने,

(ज) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

## परिच्छेद-४

## नीति तथा आन्तरिक कार्यविधि

**१७. नीति बनाउनु पर्ने** : (१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधि र विनियमको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि नीति बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको नीति सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागू हुनेछ ।

**१८. आन्तरिक कार्यविधि बनाउन सक्ने** : (१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधी, विनियम र नीतिको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको संचालक समितिले स्वीकृत गरेपछि लागू हुनेछ ।

१९. **नीति र आन्तरिक कार्यविधिमा संशोधन** : संस्थाको साधारण सभाको बहुमतबाट नीति र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ ।

## परिच्छेद-५

## सदस्यता

**२०. संस्थाको सदस्यता** : (१) सोह्र वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरु संस्थाको सदस्य हुन सक्नेछन्:

(क) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ख) संस्थाको विनियममा उल्लिखित शर्तहरु पालना गर्न मञ्जुर गरेको,

(ग) संस्थाको जिम्मेवारी पालना गर्न मञ्जुर भएको,

(घ) संस्थाले गरेको कारोवारसँग प्रतिस्पर्धा हुने गरी कारोवार नगरेको,

(ङ) संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संघ, प्रदेश र स्थानीय तहका निकायहरूमा प्रचलित कानून बमोजिम दर्ता भएका संस्था र समूहहरू उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ ) र (ङ) बमोजिमको अवस्था पूरा भएमा सहकारी संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

(३) यस ऐनमा जुनसूकै कुरा उल्लेख गरेको भएतापनि नाबालकको हकमा अभिभावक संरक्षक भई वचतकर्ता हुन सके पनि निजलाई साधारण सभाको वखत मताधिकार भने हुनेछैन ।

२१. **<u>सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्ने</u>** : (१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैंतीस दिन भित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधिनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था दर्ता गर्ने अधिकारी समक्ष उजूर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजूरी छानविन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई गराउनुपर्नेछ ।

२२. **<u>सदस्य हुन नपाउने</u>** : (१) कुनै व्यक्ति एकै उद्देश्य, कार्य र कार्यक्षेत्र भएको एकभन्दा बढी संस्थाको सदस्य हुन पाउनेछैन ।

तर, यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए निजले यो ऐन प्रारम्भ भएको मितिले दुई वर्ष भित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्नेछ ।

(२)  यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा नेपाल सरकारको निकाय वा दफा २० को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँच वर्षभित्र सदस्यता अन्त्य गर्नुपर्नेछ ।

२३. **सदस्यताको समाप्ति** : (१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछः–

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) बिना सूचना लगातार दुई पटकसम्म वार्षिक साधारण सभामा अनुपस्थित भएमा,

(ग) यो ऐन,यस ऐन अन्तर्गत वनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) दफा २० को बमोजिमको योग्यता नभएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सो को दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

२४. **सुविधा प्राप्त गर्न नसक्ने** : कुनै सदस्यले सहकारी संस्थालाई तिर्नु पर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन, यस ऐन अन्तर्गत वनेको नियम तथा विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा प्राप्त गर्न सक्नेछैन ।

## परिच्छेद -६

## साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

२५. **साधारण सभा, गणपूरक संख्या र निर्णय** : (१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रुपमा साधारण सभा हुनेछ ।

(२) सहकारी संस्थाका सबै सदस्यहरू साधारण सभाका सदस्य हुनेछन् ।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा ।

(४) साधारण सभामा पेश गरिने प्रस्ताव र प्रतिवेदन मध्ये लेखा सुपरिवेक्षेण सतिमिले पेश गर्ने प्रतिवेदन बाहेक संचालक समिति मार्फत पेश गरिनेछ ।

(५) उपदफा (२) बमोजिमको सदस्यहरूले साधारण सभामा कुनै विषयमा छलफलको लागि प्रस्ताव पेश गर्न सक्नेछन् ।

(६) उपदफा (४) र (५) बमोजिमको प्रस्ताव र प्रतिवेदन उपर साधारण सभामा छलफल गरी निर्णय लिनुपर्नेछ ।

(७) सहकारी संस्थाको साधारण सभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ ।

(८) साधारण सभामा उपदफा (७) बमोजिमको गणपूरक संख्या नपुगेमा सुरु सूचनाको आधा अवधि दिई अर्को साधारण सभा बोलाउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम बोलाईएको साधारण सभाको गणपूरक संख्या तत्काल कायम रहेको कुल सदस्य संख्याको चालिस प्रतिशत हुनेछ ।

(१०) साधारण सभामा उपदफा (९) बमोजिमको गणपूरक संख्या पनि नपुग भएमा उपदफा (८) बमोजिमको अवधि दिई पुन अर्को साधारण सभा बोलाउनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम बोलाईएको साधारण सभामा जति सुकै सदस्य उपस्थिति भए पनि गणपूरक संख्या पुगेको मानिनेछ ।

(१२) साधारण सभामा सदस्यहरूको गणपूरक संख्या पुगेपछि मात्र प्रतिवेदन र प्रस्तावहरू निर्णयार्थ पेश गर्नुपर्नेछ ।

(१३) उपदफा (१२) बमोजिम साधारण सभामा पेश गरिएको प्रतिवेदन र प्रस्तावहरू उपस्थित सदस्यहरूमध्ये एकाउन्न प्रतिशत सदस्यहरूको रायलाई सो सभाको निर्णय मनिनेछ ।

तर, सहकारी संस्थाको विनियम संशोधन गर्दा उपस्थित सदस्यहरूमध्ये एकाउन्न प्रतिशत सदस्यहरूको रायलाई सो सभाको निर्णय मनिनेछ ।

(१४) उपदफा (१३) बमोजिम साधारण सभाबाट भएको निर्णय देहाय बमोजिमको सदस्यले प्रमाणित गर्नुपर्नेछ ।

(क) सभाको अध्यक्ष,

(ख) संचालक समितिको कुल सदस्य संख्याको पचास प्रतिशत अध्यक्ष बाहेकको संचालक सदस्य

(ग) उपदफा (१४) को खण्ड (ख) बराबर संख्यामा संचालक समिति सदस्य बाहेकका सभाका सदस्य ।

(१५) सभाको निर्णयहरू उपदफा (१४) बमोजिम प्रमाणीत भएपछि कार्यन्वयन हुनेछ ।

तर, सहकारी संस्थाको विनियम संशोधन सम्बन्धी निर्णय उपदफा (१४) बमोजिम प्रमाणित भएपछि दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि मात्र कार्यान्वयन हुनेछ ।

२६. **<u>प्रारम्भिक साधारण सभाः</u>** (१) तदर्थ संचालक समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) प्रारम्भिक साधारण सभा बोलाउदा कम्तिमा पन्ध्र दिन अघि सभा हुने मिति, समय र स्थान तोकेर सदस्यहरूलाई सूचना दिनुपर्नेछ ।

(३) प्रारम्भिक साधारण सभामा तदर्थ संचालक समितिको अध्यक्षले अध्यक्षता गर्नेछन् ।

(४) प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) सभामा पेश भएको नीति पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

२७. **<u>वार्षिक साधारण सभा</u>** : (१) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तिन महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) वार्षिक साधारण सभा बोलाउँदा कम्तीमा तीस दिन अघि सभा हुने मिति, समय र स्थान तोकेर सदस्यहरूलाई सूचना दिनु पर्नेछ ।

(३) वार्षिक साधारण सभामा समितिको अध्यक्षले अध्यक्षता गर्नेछन् ।

(४) वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिले वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) पदीय जिम्मेवारी एवं आचरण पालना नगरेमा सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन गर्ने, नीति पारित एवं संशोधन गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) संचालक समिति र लेखा सुपरिवेक्षेण समितिको पारिश्रमिक लगायतका सेवा सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिन्हा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

२८. **विशेष साधारण सभा** : (१) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ :-

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनु पर्ने समितिबाट निर्णय भएमा,

(ख) दफा ३८ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

(घ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाई पच्चिस प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(ङ) दफा ५६ को उपदफा (४) बमोजिम भएमा ।

(२) विशेष साधारण सभा बोलाउँदा कम्तीमा पन्ध्र दिन अघि सभा हुने मिति, समय र स्थान तोकेर सदस्यहरूलाई सूचना दिनु पर्नेछ ।

(३) विशेष साधारण सभामा अध्यक्षता समितिको अध्यक्षले गर्नेछन् ।

२९. **विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्ने:** (१) दफा २८ उपदफा (१) बमोजिमको अवस्था पूरा हुँदा पनि समितले विशेष साधारण सभामा नबोलाएको उजुरी दर्ता गर्ने अधिकारी समक्ष पेश भई छानविन गर्दा पुष्टि भएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई विशेष साधारण सभा बोलाउन निर्देशन दिनुपर्नेछ ।

(२) सहकारी संस्थाको निरीक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजूरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा पनि दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई विशेष साधारण सभा बोलाउन निर्देशन दिनु पर्नेछ :-

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरित कार्य गरेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीत कार्य गरेमा,

(घ) दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(ङ) दफा ३१ को उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएमा।

(३) उपदफा (१) र (२) बमोजिम विशेष साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले एक महिनाभित्र सभा हुने मिति, समय र स्थान तोकेर विशेष साधारण सभा बोलाउनु पर्नेछ र विशेष साधारण सभाको बैठकमा बैठक बोलाउनको कारण, उजूरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सो को प्रतिवेदन तयार गरी एक प्रति दर्ता गर्ने अधिकारीसमक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) उल्लिखित अवधिभित्र समितिले विशेष साधारण सभा नबोलाएमा दर्ता गर्ने अधिकारीले सभा हुने मिति, समय र स्थान तोकेर त्यस्तो सभा बोलाई दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम बोलाईएको विशेष साधारण सभा व्यवस्थापन गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

३०. **सञ्चालक समिति** : (१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित बढीमा तेह्र जना संचालक रहेको एक सञ्चालक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको संचालक समितिको कार्यकाल निर्वाचित भएको मितिले बढीमा तीन वर्षको हुनेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यकालको अन्तिम वर्ष यो ऐन बमोजिम वार्षिक साधारण सभा गर्न पाउने अवधिभन्दा अघि संचालक समितिको कार्यकाल पूरा भएकोमा अन्तिम वर्ष यो ऐन बमोजिम वार्षिक साधारण सभा गर्न पाउने अवधिसम्म संचालक समितिको कार्यकाल कायमै रहेको मानिनेछ ।

(४) संचालक समितिको अध्यक्ष पदमा एउटै व्यक्ति लगातार दुई पटकभन्दा बढी निर्वाचित हुन पाउनेछैन ।

(५) उपदफा (१) बमोजिमको समितिमा कम्तीमा तेत्तिस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ ।

(६) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक समिति तथा लेखा सुपरिवेक्षेण समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन पाउनेछैन ।

(७) कुनै सहकारी संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षेण समिति, उपसमितिका पदाधिकारी र सदस्यहरूले सोही संस्थाको कर्मचारी र कुनै सहकारी संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिका पदाधिकारी र सदस्यहरू आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैङ्क बाहेक अर्को कुनै संस्थाको संचालक र कर्मचारी बन्न पाउनेछैन ।

तर, वार्षिक दुई करोड रुपैंया भन्दा कमको कारोवार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रुपमा काम गर्न बाधा पर्नेछैन । वार्षिक दुई करोड भन्दा बढि कारोवार गर्ने संस्थामा कुनै संचालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र त्यस्तो संचालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्नेछ ।

(८) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी संस्थाको सञ्चालक वा अर्को संस्थाको कर्मचारी वा एउटा संस्थाको कर्मचारी अर्को संस्थाको सञ्चालक भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

(९) उपदफा (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि संचालक समिति वा संचालक समितिको कुनै संचालकले पदीय जिम्मेवारी पूरा नगरेमा, सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरित कार्य गरेमा र संस्थालाई आर्थिक क्षती हुने कार्य गरेमा त्यस्तो संचालक समिति वा संचालक समितिको कुनै संचालकलाई सदस्यहरूले जुन सुकै समयमा वार्षिक वा विशेष साधारण सभा मार्फत हटाउन सक्नेछन् ।

(१०) कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

३१. **सञ्चालक समितिको निर्वाचन** : (१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा वा सदस्यहरूले जानकारी दिएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले एक महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिनेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारले त्यस्तो संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ ।

(५) उपदफा (३) बमोजिम निर्वाचन नगराउने समितिले उपदफा (४) बमोजिमको अवधि भर संस्थामा दर्ता गर्ने अधिकारले तोकेको कार्य बाहेकको अन्य कार्य गर्न पाउनेछैन ।

(६) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुर्‍याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ ।

(७) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ।

(८) यस दफा बमोजिम निर्वाचित समितिले अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

३२. **समितिको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने गराउने,

(ङ) संस्थाको नीति, योजना, वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने,

(च) गत आर्थिक वर्षको यथार्थ आय व्यय, चालु आर्थिक वर्षको संशोधित आय व्यय र आगामी आर्थिक वर्षको अनुमानित आय व्ययको विवरण तयार गरी साधारण सभा समक्ष पेश गर्ने,

(छ) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(ज) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(झ) सम्बन्धित संघको सदस्यता लिने,

(ञ) विनियम, नीति तथा आन्तरिक कार्यविधि तयार वा संशोधन गरी साधारण सभामा पेश गर्ने,

(ट) स्वीकृत विनियम र पारित नीति तथा आन्तरिक कार्यविधि कार्यान्यन गर्ने गराउने,

(ठ) संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने गराउने,

(ड) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधी, विनियम, नीति र आन्तरिक कार्यविधि बमोजिमको कार्य कार्यन्वयन गर्ने गराउने,

(ढ) दर्ता गर्ने अधिकारीको निर्देशन कार्यन्वयन गर्ने गराउने ।

३३. **सञ्चालक पदमा बहाल नरहने** : देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैनः-

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ३४ उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को संस्थाको सञ्चालक रहेमा,

(घ) निज सोही वा अर्को संस्थाको कर्मचारी रहेमा,

तर, दफा ३० को उपदफा (७) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोही बमोजिम हुनेछ ।

(ङ) निज सोही वा अर्को संस्थाको लेखा सुपरीवेक्षण समितिको पदमा रहेमा

(च) निजको मृत्यु भएमा,

(छ) फौजदारी वा भ्रष्टाचार अभियोग लागि अदालतबाट कसूरदार ठहरिएमा ।

३४. **<u>सञ्चालकलाई पदबाट हटाउन सक्ने:</u>** (१) साधारण सभाले वहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछ :-

(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(ख) अनाधिकृत तवरले सम्बन्धित संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने प्रमाणीत भएमा,

(च) कुनै सञ्चालकमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लेखित योग्यता नरहेमा ।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकाल सम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

३५. **<u>निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुने</u>** : (१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन ।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुनेगरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाही प्रति निज सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजको जायजेथाबाट असूल उपर गरिनेछ ।

३६. **समितिको विघटन** : (१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः-

(क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेमा,

(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरितको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा २९ को उपदफा (३) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता गर्ने अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधि भित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता गर्ने अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

३७. **<u>लेखा सुपरीवेक्षण समितिको गठन</u>** : (१) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

३८. **<u>लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार</u>** : (१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,

(ख) लेखाको आधारभूत सिद्धान्तको पालना गर्ने गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने गराउने,

(घ) समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सो को कारण खुलाई विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस गर्ने ।

(ज) आवश्यक परेमा आन्तरिक लेखापरीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न लेखा सुपरिवेक्षण समितिले विज्ञको परामर्श र सहयोग लिन सक्नेछ ।

(३) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउनेछैन ।

## परिच्छेद-७

## बचत तथा ऋण परिचालन

३९. **सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नु पर्ने** : (१) संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्नसक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा वहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोवार गर्न पाउने छैन।

(३) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा लिने सेवा शुल्क र नवीकरण शुल्क संस्थाको नीति र अन्तरिक कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

(४) बचत र ऋणको व्याजदर बिचको अन्तर प्रादेशिक तथा संघिय कानून बमोजिम हुनेछ ।

(५) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा व्याज लगाउन पाइनेछैन ।

(६) संस्थाले कुनैपनि कम्पनीको शेयर खरिद गर्न सक्नेछैन ।

तर,

(१) सस्थाको दायित्वप्रति प्रतिकूल नहुने गरी संस्थाले स्व-प्रयोजनको लागि अचल सम्पत्ती खरीद तथा पूर्वाधार निर्माण एवं संस्था र सदस्यहरुको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पूँजी कोष परिचालन गर्न वाधा पर्नेछैन ।

(२) यो ऐन प्रारम्भ हुनु अघि कुनै संस्थाले कुनै कम्पनीको शेयर खरिद गरेको भएमा त्यस्तो शेयर यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष अवधिभित्र विक्री गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएका साना किसानद्वारा प्रवर्द्धित वित्तीय संस्थाको शेयर खरिद गर्न बाधा पर्नेछैन ।

(७) संस्थाले प्राथमिक पूँजी कोषको पन्ध्र गुणासम्म वचत संकलन गर्न सक्नेछ ।

(८) संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्नेछैन ।

४०. **सन्दर्भ व्याजदर सम्बन्धि व्यवस्था** : (१) संघ, सम्बन्धित प्रदेश र गाउँपालिकाले बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ व्याजदर संस्थाका लागि निर्देशक व्याजदर हुनेछ ।

४१. **<u>व्यक्तिगत बचतको सीमा</u>** : संस्थामा सदस्यको व्यक्तिगत वचतको सीमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ८

## <u>आर्थिक श्रोत परिचालन</u>

४२. **<u>शेयर विक्री तथा फिर्ता सम्बन्धि व्यवस्था</u>** : (१) संस्थाले आफ्नो सदस्यलाई शेयर विक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको बीस प्रतिशतभन्दा बढी हुने गरी शेयर विक्री गर्न सक्नेछैन ।

तर, संघ, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुनेछैन।

(४) संस्थाको शेयरको अंकित मूल्य प्रति शेयर एक सय रुपैंया हुनेछ ।

(५) संस्थाको शेयरपूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(६) संस्थाले खुला बजारमा शेयर विक्री गर्न पाउनेछैन ।

(७) संस्थाको मूलधनको रुपमा रहेको कुनै सदस्यको शेयर सोही संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम विक्री गरिनेछैन ।

४३. **<u>रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था</u>** : (१) कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी शेयर रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले एक महिनाभित्र निजको बाँकी रकम निजलाई फिर्ता गर्नुपर्नेछ ।

(२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम निजलाई फिर्ता गर्नु पर्नेछ। तर अवधि तोकिएको वचतको फिर्ता तोकिएको अवधि पछि मात्र हुनेछ ।

(३) सहकारी संस्थाले सबै प्रकारका वचत खाताहरु संचालन गर्नसक्नेछ ।

४४. **<u>ऋण वा अनुदान लिन सक्ने</u>** : (१) संस्थाले स्वदेशी वा विदेशी बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्नसक्नेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि संस्थाले विदेशी बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न अघि संघीय कानून वमोजिम स्वीकृती लिनुपर्नेछ ।

(३) उपदफा (२) वमोजिम विदेशी बैङ्क वा निकायबाट ऋण वा अनुदान लिन स्वीकृतीको लागि प्रचलित कानून बमोजिमका विवरणहरु सहित दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) वमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले कार्यपालिकामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको प्रस्ताव कार्यपालिकाले उपयुक्त देखेमा स्वीकृतीको लागि मन्त्रालयमा सिफारिस गरि पठाउनेछ ।

४५. **<u>गाउँपालिकाको सुरक्षण प्राप्त गर्न सक्ने</u>** : (१) संस्थाले विदेशी बैङ्क वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा तोकिए बामोजिमको विवरणहरु सहित दर्ता गर्ने अधिकारि समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले कार्यपालिकामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) वमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा कार्यपालिकाले प्रचलित कानून बमोजिम तोकिएको अधारमा सुरक्षण प्रदान गर्नसक्नेछ ।

## परिच्छेद - ९

## <u>संस्थाको कोष</u>

४६ **<u>संस्थाको कोष :</u>** संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ :-

(क) शेयर विक्रीबाट प्राप्त रकम,

(ख) बचतको रुपमा प्राप्त रकम,

(ग) ऋणको रुपमा प्राप्त रकम,

(घ) संघ, प्रदेश र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यवसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शुल्क,

(ज) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

४७. **<u>जगेडा कोष</u>** : (१) संस्थामा एक जगेडा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :-

(क) आर्थिक वर्षको खूद नाफा रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ती विक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ ।

४८. **<u>संरक्षित पूँजी फिर्ता कोष</u>** : (१) संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ ।

(२) दफा ४७ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्ट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको रकम तोकिए बमोजिम सदस्यले गरेको वार्षिक कारोवारको आधारमा सम्बन्धित सदस्यलाई उपलव्ध गराउनु पर्नेछ ।

४९. **<u>सहकारी प्रवर्द्धन कोष सम्बन्धी व्यवस्था:</u>** (१) संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ४७ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको उपयोग प्रचलित कानूनको आधारमा तोकिए अनुसार हुनेछ ।

५०. **<u>अन्य कोष सम्बन्धी व्यवस्था:</u>** (१) दफा ४६, ४७, ४८ र ४९ मा उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांश कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरु रहन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा रकम जम्मा र सो कोषको उद्देश्य पूर्तिका लागि कोषमा जम्मा भएको रकमको उपयोग विनियममा तोकिए बमोजिम गर्न सकिनेछ ।

(३) संस्थाका सदस्यहरूलाई लाभांश वितरण गर्दा उपदफा (१) बमोजिमको शेयर लाभांश कोषमा वार्षिक रुपमा रकम जम्मा गरी सोहि कोषबाट लाभांश वितरण गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम लाभांश वितरण गर्दा एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको पन्ध्र प्रतिशत भन्दा बढी हुनु हुनेछैन ।

## परिच्छेद - १०

## अभिलेख र सूचना

५१. **अभिलेख राख्नु पर्ने** :(१) संस्थाले साधारण सभा, समिति, लेखा सुपरिवेक्षण समिति तथा उपसमितिहरुको बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नुपर्नेछ ।

(२) संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित साथ राख्नुपर्नेछ ।

(३) सदस्यले संस्थामा उपदफा (१) र (२) बमोजिमको सूचना र विवरण माग गरेमा उपलब्ध गराउनु पर्नेछ ।

५२. **विवरण उपलब्ध गराउनु पर्ने** : (१) संस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन प्रत्येक चौमासिक समाप्त भएको सात दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ :-

(क) कारोबारको चौमासिक प्रतिवेदन,

(ख) तरलताको अवस्था,

(ग) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य चौमासिक विवरण ।

(२) संस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन आ.व. समाप्त भएको तीन महिना भित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेछ :-

(क) कारोबारको वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन,

(ख) वार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) खूद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारण सभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयरपूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

(ज) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य वार्षिक विवरण ।

## परिच्छेद - ११

## लेखा र लेखापरीक्षण

५३. **कारोबारको लेखा** : (१) संस्थाको कारोबारको लेखा दोहोरो अभिलेख प्रणालीमा प्रोदभावी सिद्वान्तमा आधारित लेखाविधि अनुसार कारोवारको यथार्थ स्थिति स्पष्ट रुपमा देखिने गरी राख्नुपर्नेछ ।

(२) लेखा अभिलेख गर्दा प्रचालित कानून बमोजिम रजिष्ट्रारले लागू गरेको लेखामान (एकाउन्टिङ स्टयाण्डर्ड) र तोकिए बमोजिम अवलम्वन गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था पालना गर्नुपर्नेछ ।

५४. **लेखापरीक्षण** : (१) संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम गाउँपालिकाले तोकेको इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको लेखापरीक्षण इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारण सभा समक्ष पेश गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारण सभाले दफा ५५ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

५५. **लेखापरीक्षकको नियुक्ति** : (१) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्रप्राप्त लेखापरीक्षकहरूमध्येबाट साधारण सभाले एकजना लेखापरीक्षक नियुक्ति गरी पारिश्रमिक समेत तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिनेछैन ।

५६. **<u>लेखापरीक्षकमा नियुक्त हुन नसक्ने</u>** : (१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैन :-

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(छ) सम्बन्धित संस्थासँग स्वार्थ बाझिएको व्यक्ति ।

(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुराको संस्थासमक्ष स्व-घोषणा गर्नुपर्नेछ ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नु पर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा संस्थालाई दिनुपर्नेछ ।

(४) कुनै संस्थामा उपदफा (३) लेखापरीक्षण हुन नसकेमा वा नियुक्त भएको लेखापरीक्षकको लेखापरीक्षाण कार्य सम्पन्न नहुँदा नै मृत्यु भएमा विशेष साधारण सभा मार्फत अर्को लेखापरीक्षकको नियुक्ति गर्नुपर्नेछ ।

(४) यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

## परिच्छेद - १२

## <u>छुट, सुविधा र सहुलियत</u>

५७. **<u>छुट, सुविधा र सहुलियतः</u>** (१) संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत संघीय र प्रदेश कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित छुट, सुविधा र सहुलियत बाहेक संस्थालाई प्राप्त हुने अन्य छुट, सुविधा र सहुलियत तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१३

## ऋण लगानी, असुली तथा बाँकी बक्यौता

५८. **ऋण लगानी र असूल गर्ने** : (१) संस्थाले ऋण लगानी गर्दा पर्याप्त धितो वा सुरक्षणको सुनिश्चिता गरी ऋण लगानी गर्नुपर्नेछ ।

(२) संस्थाले ऋण लगानी गर्न ऋण लगानी नीति र अन्तरिक कार्यविधि बनाई सोको कार्यान्वयन गर्नुपर्दछ ।

(३) संस्थाले लगानीमा रहेको ऋण किस्ता र व्याज असुलीमा पहल र ताकेता गर्नुपर्नेछ । लगानीमा रहेको ऋण असुली कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्दछ ।

(४) संस्थाले उनन्चास प्रतिशत भन्दा बढी संचालकलाई एकै पटक ऋण लगानी गर्न पाउने छैन ।

(५) संस्थाले ऋण लगानी गर्दा पर्याप्त धितो वा सुरक्षणको सुनिश्चिता नगरी ऋण लगानी गरेको देखिएमा दर्ता गर्ने अधिकारी दफा ६१ र ६२ को लागि वाध्य हुनेछैन ।

(६) संस्थाले ऋण लगानी गर्दा पर्याप्त धितो वा सुक्षाणको सुनिश्चिता नगरी ऋण लगानी गरेको अवस्थामा त्यस्तो ऋण असुली प्रति ऋण लगानीमा संलग्न संचालक, ऋण लगानी उपसमिति, धितो मुल्यांकन समितिका पधाधिकारी र कार्यकारी प्रमुख वा व्यवस्थापक जिम्मेवार हुनेछन् ।

(७) कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको साँवा, व्याज र हर्जाना चुक्ता नगरेमा त्यस्तो सदस्यले ऋण लिँदा राखेको धितोलाई सम्बन्धित संस्थाले तोकिएको बमोजिम लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, व्याज र हर्जना असूल उपर गर्नसक्नेछ ।

(८) उपदफा (७) बमोजिम धितो सम्बन्धित संस्था आफैले सकारे पश्चात् पनि ऋणीले साँवा व्याज दुवै भुक्तानी गरी धितो बापतको सम्पत्ति फिर्ता लिन चाहेमा फिर्ता गर्नुपर्नेछ ।

(९) कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

(१०) उपदफा (९) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (७) वा (९) बमोजिमको धितोबाट पनि साँवा, व्याज र हर्जनाको रकम असूल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, व्याज र हर्जना असूल उपर गर्न सकिनेछ ।

(११) यस दफा बमोजिम लिलाम बिक्रि संस्थामा प्राप्त भएको रकम्बट साँवा, व्याज र हर्जना असूल उपर गर्दा असूलउपर गर्नु पर्ने साँवा, व्याज र हर्जानाको रकम तथा यस प्रक्रियामा लागेको खर्चको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनुपर्नेछ ।

(१२) यस दफा बमोजिम कुनै संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम विक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनुपर्नेछ ।

(१३) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम विक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्था आफैंले सकार गर्नसक्नेछ ।

(१४) उपदफा (८) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनुपर्नेछ ।

५९. **<u>कालो सूची सम्बन्धी व्यवस्थाः</u>** (१) संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने सदस्यको नाम नामेशी सहित कालो सूची प्रकाशन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कालो सूची प्रकाशन गर्ने सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६०. **<u>कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्थाः</u>** कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

६१ **<u>बाँकी बक्यौता असूल उपर गर्ने</u>** : कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सो को व्याज समेत दर्ता गर्ने अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असूल उपर गर्न सहयोग गरी दिनुपर्नेछ ।

६२. **<u>रोक्का राख्न लेखी पठाउने</u>** : (१) संस्था वा दर्ता गर्ने अधिकारीले दफा ५८ को उपदफा ७ देखी १४ सम्म र दफा ६१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा विक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखी दिनुपर्नेछ ।

६३. **<u>अग्राधीकार रहने</u>:** कुनै व्यक्तिले संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा संघ, प्रदेश र गाउँपालिकाको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहनेछ ।

६४. **<u>कारवाही गर्न बाधा नपर्ने</u>:** संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारवाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारवाही चलाउन रोक लगाएको मानिनेछैन ।

## परिच्छेद- १४

## <u>एकीकरण, विघटन तथा दर्ता खारेज</u>

६५. **<u>एकीकरण तथा विभाजन सम्बन्धी व्यवस्था</u>:** (१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरु एक आपसमा गाभिई एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजनको प्रारम्भ सम्बन्धि निर्णय र एकीकरण वा विभाजनको अन्तिम निर्णय साधारण सभाबाट हुनेछ ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ ।

(४) संस्था एकीकरण हुँदा संस्थाहरूको सम्पूर्ण चल अचल सम्पति नयाँ बन्ने संस्थाको हुनेछ ।

(५) संस्था विभाजन हुँदा संस्थाहरूको सम्पूर्ण चल अचल सम्पतिको विभाजन तोकिए बमोजिम हुनेछ ।

६६. **<u>विघटन र दर्ता खारेज</u>** : (१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएको उल्लेख गरी साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरेमा दर्ता खारेजीको स्वीकृतीका लागि समितिले दर्ता गर्ने अधिकारीसमक्ष निवेदन दिन सक्नेछः-

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछ :-

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा,

(ङ) दफा ७८ को उपदफा ५ बमोजिमको सिफारिस भएमा।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि पन्ध्र दिनको समय दिनुपर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ ।

(७) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

६७. **<u>लिक्वीडेटरको नियुक्ति</u>** : (१) दफा ६६ बमोजिम कुनै संस्थाको दर्ता खारेज गर्ने निर्णय भएमा दर्ता गर्ने अधिकारीले तोकिए बमोजिमको योग्यता भएको लिक्वीडेटर नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम लिक्वीडेटर नियुक्त गर्दा तोकिएको सिमा सम्मको सम्पति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्नसक्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त लिक्वीडेटरको कम, कर्तव्य र अधिकार, पारिश्रमिक, लिक्वीडेसन अवधि र लिक्वीडेसन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६८. **<u>लिक्वीडेशन पछिको सम्पतिको उपयोग</u>**: कुनै संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - १५

## <u>दर्ता गर्ने अधिकारी</u>

६९. **दर्ता गर्ने अधिकारी** : (१) यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरू प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार कार्यालयको सहकारी शाखाको अधिकृतलाई प्रत्यायोजन गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रत्यायोजन गर्न सहकारी शाखामा अधिकृत स्तरको कर्मचारी नभएमा आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

७०. **दर्ता गर्ने अधिकारी काम, कर्तव्य र अधिकार** : (१) दर्ता गर्ने अधिकारी काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ ।

(क) यस ऐनमा र प्रचलित कानूनमा उल्लिखित कार्य गर्ने,

(ख) संस्थाको विनियम, ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र अन्य प्रचलित कानून प्रतिकुल नहुने गरी स्वीकृत गरिदिने,

(ग) संस्थाको साधारण सभाबाट पारित संशोधित विनियम यो ऐन, यो ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र अन्य प्रचलित कानून प्रतिकुल नहुने गरी स्वीकृत गरिदिने,

(ग) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

## परिच्छेद -१६

## निरीक्षण तथा अनुगमन

७१. **निरीक्षण तथा अभिलेख जाँच गर्ने** : (१) दर्ता गर्ने अधिकारीले कार्ययोजना बनाई संस्थाको नियमित निरीक्षण तथा अभिलेख परीक्षण आफू वा आफ्नो प्रतिनिधि मार्फत गर्नु, गराउनु पर्नेछ । यस्तो निरीक्षण तथा अभिलेख परीक्षण आकस्मिक रुपमा पनि गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण वा अभिलेख जाँच गर्दा दर्ता गर्ने अधिकारी माग गरेको जानकारी सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(३) निरीक्षण वा अभिलेख जाँच सम्बन्धि सूचकहरू तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै संस्थाको कामकारबाही यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता

गर्ने अधिकारीले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(५) संस्थामा संघ र प्रदेश कानून बमोजिम हुने निरीक्षण तथा अभिलेख परीक्षणलाई यो दफाले बाधा गर्नेछैन ।

(६) कुनै संस्थामा उपदफा (६) बमोजिम निरीक्षण तथा अभिलेख परीक्षण भएमा सो को प्रतिवेदन दर्ता गर्ने अधिकारीले निरीक्षण तथा अभिलेख परीक्षण गर्ने निकायसँग माग गर्नसक्नेछ ।

७२. **छानविन गर्न सक्ने** : (१) कुनै संस्थाको व्यवसायिक कारोवार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा पाँच प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्नु, गराउन पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानिवन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित संस्थाको समितिको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित संस्थालाई लिखित रुपमा दिनुपर्नेछ ।

(४) यस दफा बमोजिम गरिएको छानविनबाट दिएको सुझाव सम्बन्धित संस्थाले पालना गर्नुपर्नेछ ।

७३. **बचत तथा ऋणको कारोबार गर्ने संस्थाको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्थाः** (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

(२) दर्ता गर्ने अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्थाको निरीक्षण तथा अनुगमन दर्ता गर्ने अधिकारीले आवश्यकता अनुसार अन्य निकायको सहयोग लिनसक्नेछ ।

(४) यस दफा बमोजिम गरिएको निरीक्षण तथा अनुगमनबाट दिएको सुझाब सम्बन्धित संस्थाले पालना गर्नुपर्नेछ ।

७४. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने :** (१) दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र संस्थाको निरीक्षण सम्बन्धी एकीकृत वार्षिक प्रतिवेदन कार्यपालिकासमक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछः-

(क) दर्ता भएका र सञ्चालनमा रहेका संस्थाको विवरण र सञ्चालनमा रहेका संस्थाको कारोबार,

(ख) अनुगमन गरिएका संस्थाको संख्या तथा आर्थिक कारोवारको विवरण,

(ग) संस्थामा सहकारी सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) संस्थालाई गाउँपालिकाबाट प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) संस्थामा रहेका कोषको विवरण,

(ट) संरक्षित पूँजी फिर्ता कोषवितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्थाले सञ्चालन गरेको दफा १२ बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण ।

७५. **<u>आपसी सुरक्षण सेवा संचालन सम्बन्धी व्यवस्था</u>** : (१) संस्थाले विमा समितिबाट स्वीकृत योजनाको शर्त बन्देज अनुसार आफ्ना सदस्यहरुको बालीनाली वा वस्तुभाउमा भएको क्षतिको निश्चित अंशपूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा संचालन गर्न सक्नेछ ।

७६. **<u>स्थिरीकरण कोष सम्बन्धी व्यवस्था</u>** : (१) बचत तथा ऋण विषयगत संस्थाहरूले सम्भावित जोखिमबाट संरक्षणका लागि प्रचलित कानूनमा व्यवस्था भए बमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुन सक्नेछन् ।

## परिच्छेद - १७

## समस्याग्रस्त संस्थाको व्यवस्थापन

७७. **संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिने** : (१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा दर्ता गर्ने अधिकारीको सिफारिसमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्न सक्नेछ :-

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्थाले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको,

(ङ) संस्था दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रुपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा वीस प्रतिशत वा वीस जना मध्ये जुन कम हुन्छ सो वरावरका सदस्यहरूले दर्ता गर्ने अधिकारीसमक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गठन गरेको आयोगले कुनै संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्नसक्नेछ ।

७८. **समस्याग्रस्त संस्थाको व्यवस्थापन समितिको गठन** : (१) दफा ७७ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यका लागि व्यवस्थापन समितिको गठन गर्न दर्ता गर्ने अधिकारीले गाउँ कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा कार्यपालिकाले तोकिए वमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको पुनः सञ्चालनको लागि उपचारात्मक कार्यहरू गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम उपचारात्मक कार्यहरूबाट समस्याग्रस्त संस्थाको पुन सञ्चालनको सम्भावना नभएमा विगठन वा दर्ता खारेजीको लागि दर्ता गर्ने अधिकारीलाई सिफारिस गर्नुपर्नेछ ।

## परिच्छेद - १८

## कसूर, दण्ड जरिवाना तथा पुनरावेदन

७९. **कसूर गरेको मानिने** : (१) कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ:-

(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनैपनि प्रयोजनको लागि प्रयोग गरेमा,

(ग) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गरेमा वा ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थाको सम्पत्ति, वचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असूल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा संस्थाको शेयर वा बचत रकम आफू खुसी परिचालन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(छ) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(ज) संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम, विनियम विपरित लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(ञ) धितोको अस्वाभाविक रुपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी ऋण लिएमा वा दिएमा,

(ठ) कुनै व्यक्ति वा संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(ड) संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

(ढ) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाई वा उडाई अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ण) ऋणको धितो स्वरुप राखिने चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,

(त) संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै संस्था वा सोको सदस्य वा बचतकर्ता वा तीमध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखा परीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

(१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधि र विनियमको अधीनमा रही असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा सहकारी संस्थाका पदाधिकारी

र कर्मचारीले उपदफा (१) बमोजिमको कसूरको लागि व्यक्तिगत र सामूहिक रुपले जवाफदेही हुनेछैनन् ।

८०. **सजायः** (१) कसैले दफा ७९ को कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ :-

(क) खण्ड (क), (ग), (ड) र (थ) को कसूरमा एक वर्षसम्म कैद र एकलाख रुपैंया सम्म जरिवाना,

(ख) खण्ड (ठ) को कसूरमा दुई वर्षसम्म कैद र दुई लाख रुपैंया सम्म जरिवाना,

(ग) खण्ड (ख) को कसूरमा विगो बराबरको रकम जरिवाना गरी तीन वर्ष सम्म कैद ,

(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ण) र (त) को कसूरमा विगो भराई विगो बमोजिम जरिवाना गरी देहाय बमोजिमको कैद हुनेछ :-

(१) दश लाख रुपैंया सम्म विगो भए एक वर्षसम्म कैद,

(२) दश लाख रुपैंया भन्दा बढी पचास लाख रुपैंया सम्म विगो भए दुई वर्षदेखि तीन वर्षसम्म कैद,

(३) पचास लाख रुपैंया भन्दा बढी एक करोड रुपैंया सम्म विगो भए तीन वर्षदेखि चार वर्षसम्म कैद,

(४) एक करोड रुपैंया भन्दा बढी दश करोड रुपैयासम्म विगो भए चार वर्षदेखि छवर्षसम्म कैद,

(५) दश करोड रुपैंयाँभन्दा बढी एक अर्ब रुपैंया सम्म विगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,

(६) एक अर्ब रुपैंया भन्दा बढी जतिसुकै रुपैंया विगो भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद,

(ङ) खण्ड (ढ) को कसूरमा दश वर्षसम्म कैद ।

(२) दफा ७९ को कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) दफा ७९ को कसूर गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउनु कुनै निकाय संस्था भए त्यस्तो निकाय संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजाय हुनेछ ।

८१. **<u>जरिवाना हुने</u>** : (१) दफा ८७ बमोजिम कसैको उजूरी परी वा संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैंयासम्म जरिवाना गर्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग व्याज लिएमा,

(ख) संस्थाले प्रदान गर्ने बचत र ऋणको व्याजदर बीचको अन्तर कानून बमोजिम भन्दा अन्यथा गरेमा,

(ग) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल कर्जामा पूँजीकृत गरी सोको आधारमा व्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पूँजीकोषको तोकिए बमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,

(च) प्राथमिक पूँजी कोषको पन्ध्र गुणा भन्दा बढी हुने गरी बचत संकलन गरेमा,

(छ) शेयर पूँजीको अठार प्रतिशत भन्दा बढी शेयर लाभांश वितरण गरेमा,

(ज) संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसँग कारोवार गरेमा,

(झ) संस्थाले यो ऐन विपरीत कृत्रिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा ।

(२) उपदफा (१) मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैंया सम्म जरिवाना गर्न सक्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिवेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरु आफू खुशी परिवर्तन गरेमा,

(घ) कुनै संस्थाले दफा ६ को उपदफा (४) बमोजिमको तोकिएका शर्त पालन नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कार्य गरेमा ।

(३) उपदफा (१) वा (२) बमोजिमको जरिवाना गर्नु अघि दर्ता गर्ने अधिकारीले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्न कम्तीमा पन्ध्र दिनको समयावधि दिनुपर्नेछ ।

८२. **रोक्का राख्ने:** (१) दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई दफा ८१ बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पत्ती तथा बैङ्क खाता रोक्का राख्ने तथा सम्पत्ती रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोबार, सम्पत्ती वा बैङ्क खाता सम्बन्धित निकायले रोक्का राखी सो को जानकारी दर्ता गर्ने अधिकारीलाई दिनुपर्नेछ ।

८३. **दोव्वर जरिवाना हुने** : (१) दफा ८१ बमोजिम जरिवाना भएको व्यक्ति वा संस्थाले पुनः सोही कसूर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई दर्ता गर्ने अधिकारीले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ ।

८४. **अनुसन्धान र छानविन गर्ने** : (१) दर्ता गर्ने अधिकारी यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा ७९ उपदफा (१) बमोजिमको कसूर गरेको थाहा पाएमा कार्यपालिकालाई जानकारी गराउनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम त्यस्तो कसूरका सम्बन्धमा कार्यपालिकालाई जानकारी भएपछि कार्यपालिकाले अनुसन्धान अधिकृत वा अनुसन्धान र छानविन समिति गठन गरी कसूरको अनुसन्धान र छानविन गराउनेछ ।

(३) उपदफा (२) बमोजिमको अनुसन्धान अधिकृत वा अनुसन्धान र छानविन समितिबाट प्राप्त प्रतिवेन्को आधारमा दफा ८० बमोजिमको सजाय र दफा ८१ बमोजिमको जरिवाना हुने देखिएमा दफा ८५ बमोजिमको मुद्दासम्बन्धी व्यवस्था सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

८५. **मुद्दा सम्बन्धी व्यवस्था:** दफा ८० बमोजिम सजाय हुने कसूरको मुद्दा सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

८६. **मुद्दा हेर्ने अधिकारी** : दफा ८० बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा जिल्ला अदालतबाट हुनेछ ।

८७. **उजूरी दिने हदम्यादः** (१) कसैले दफा ८० बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले तीस दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनुपर्नेछ ।

(२) कसैले दफा ८१ बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले तीस दिन भित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनुपर्नेछ ।

८८. **पुनरावेदन गर्न सक्नेः** (१) दफा ७ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ६६ बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णयउपर कार्यपालिका समक्ष पुनरावेदन गर्नसक्नेछ ।

(२) दफा ८१ बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्नसक्नेछः

(क) दर्ता गर्ने अधिकारी गरेको निर्णय उपर कार्यपालिकामा,

(ख) कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा ।

८९. **असूल उपर गरिनेः** यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

## परिच्छेद - १९

## विविध

९०. **मताधिकारको प्रयोग** : कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्नसक्नेछ ।

९१. **सामाजिक परीक्षण गराउन सक्ने** : (१) संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टीको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा तोकिए बमोजिम सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारण सभासमक्ष पेशगर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकतानुसार समितिलाई निर्देशन दिनसक्नेछ ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

९२. **<u>सहकारी शिक्षाः</u>** सहकारी क्षेत्रको प्रवर्धनको लागि विद्यालय तहको पाठयक्रममा आधारभूत सहकारी सम्वन्धी विषयवस्तुलाई समावेश गर्न सकिनेछ ।

९३. **<u>आर्थिक सहयोग गर्न नहुनेः</u>** संस्थाको रकमवाट समितिको निर्णय वमोजिम सदस्यहरुले आर्थिक सहयोग लिन सक्नेछैनन् ।

तर, सामाजिक कार्यको लागि गैर सदस्य व्यक्ति वा संस्थाहरुलाई समेत आर्थिक सहयोग गर्न वाधा पर्नेछैन ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागि **'सामाजिक कार्य'** भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रबर्द्धन सम्बन्धि कार्यलाई जनाउँछ ।

९४. **<u>अन्तर सहकारी कारोवार गर्न सक्नेः</u>** संस्थाहरुले तोकिए बमोजिम एक आपसमा अन्तर सहकारी कारोवार गर्न सक्नेछन् ।

९५. **<u>ठेक्कापट्टा दिन नहुनेः</u>** संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुँदैन ।

९६. **<u>सरकारी बाँकी सरह असूल उपर हुने</u>** : कुनै संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

९७. **<u>कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने</u>** : यस ऐन अन्तर्गत दर्ता भएको संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुने छैन ।

९८. **<u>प्रचलित कानून बमोजिम कारवाही गर्न वाधा नपर्ने</u>** : यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

९९. **<u>असल नियतले गरेको कुनै काम कारबाहीको बचाउ</u>** : (१) यो ऐन र यो ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधि अधीनमा रही असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा कार्यालयको कर्मचारी व्यक्तिगत र सामूहिक रुपले जवाफदेही हुने छैनन् ।

(२) यो ऐन र यो ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधि अधिकारको बदनियतपूर्ण प्रयोग गर्ने कार्यालयको कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न यस दफाले बाधा गर्ने छैन ।

१००. **<u>सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाको पालना गर्नुपर्ने:</u>** संस्थाले सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी संघीय र प्रदेश कानूनमा भएका व्यवस्थाका साथै तत् सम्बन्धमा मन्त्रालयले जारी गरेको मानदण्ड र नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाइबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नुपर्नेछ ।

१०१. **<u>प्रोत्साहन गर्न सकिने:</u>** सहकारी क्षेत्रको प्रवर्द्धनका लागि उल्लेखनीय योगदान गर्ने व्यक्ति, सहकारी संस्था वा अन्य निकायलाई कार्यपालिकाले प्रोत्सान गर्न सक्नेछ ।

१०२. **<u>जिम्मेवार र जवाफदेही हुनु पर्ने</u>** : सहकारी संस्थाको कारोवार मध्ये आफु संलग्न कार्यमा संस्थाको कार्यकारी प्रमुख वा व्यवस्थापक संचालक सरह जिम्मेवार र जवाफदेही हुनेछ ।

१०३. **<u>पर्ल्स सूचकको प्रयोग गर्नु पर्ने</u>** : सहकारी संस्थाले आफ्नो वित्तीय कारोवारको पर्ल्स सूचकको प्रयोग गरी मूल्यांकन र अद्यावधिक गर्दै लैजानुपर्नेछ ।

१०४. **<u>यस ऐनको पालना र स्वीकृति लिनु पर्ने</u>** : (१) गाउँपालिकामा कार्य क्षेत्र विस्तार गरी सञ्चालनमा रहेका सहकारी संस्था यस ऐनको पालना र यस ऐन बमोजिम तोकिए बमोजिमको प्रतिवेदन र विवरण दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

(२) यो ऐन जारी भए पछि अर्को स्थानीय तहमा दर्ता भएको सहकारी संस्थाले गाउँपालिकामा कार्य क्षेत्र विस्तार गर्न दर्ता गर्ने अधिकारीबाट तोकिए बमोजिम अनुमति लिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति नलिई गाउँपालिकामा कार्य क्षेत्र विस्तार गर्न पाईने छैन ।

१०५. **<u>विनियममा उल्लेख हुनु पर्ने विषयहरू</u>** : (१) सहकारी संस्थाको विनियमावालीमा देहायका कुराहरु उल्लेख भएको हुनुपर्नेछ :-

(क) प्रस्तावित सहकारीको नाम,

(ख) सहकारीको कार्यालय रहने ठेगाना,

(ग) सहकारीको उदेश्य,

(घ) सहाकारीको उदेश्य प्राप्त गर्न गरिने कामहरु,

(ङ) सहकारीको प्रकृति,

(च) तोकिए बमोजिमका अन्य आवश्यक कुराहरु ।

(२) सहकारी संस्थाको विनियम यो ऐन, यो ऐन अन्तर्गत वनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधि सँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

(३) विनियमावलीको ढाँचा तोकिए बमोजिम हुनेछ ।

१०६. **नियम, मापदण्ड, निर्देशिका वा कार्यविधि बनाउने अधिकार** : (१) यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारीरुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकतानुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्नसक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नियम, मापदण्ड, निर्देशिका वा कार्यविधि बनाउँदा आवश्यकतानुसार सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ ।

१०७. **खारेजी र बचाउ** : (१) यस अघि प्रचलित कानून बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भएको मानिनेछ ।

(२) यो ऐन प्रचलित संघीय र सम्वन्धित प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

## अनुसूची १

## दर्ता दरखास्तको नमुना

**मितिः**

**श्री दर्ता गर्ने अधिकारी ज्यू !**
**तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय ।**

**विषय : सहकारी संस्थाको दर्ता ।**

**महोदय,**

**हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौं ।**

**<u>संस्थासम्बन्धी विवरण</u>**

**(क) प्रस्तावित संस्थाको नाम**

**(ख) ठेगाना**

(ग) उद्देश्य

(घ) मुख्य कार्य

(ङ) कार्यक्षेत्र

(च) दायित्व

(छ) सदस्य सङ्ख्या

(ज) महिला ........ जना

(झ) पुरुष ......... जना

(ञ) प्राप्त सेयर पुँजीको रकम रु. ....

(ट) प्राप्त प्रवेश शुल्कको रकम रु. ..... ।

## अनुसूची २

<u>संस्था दर्ता प्रमाणपत्रको नमुना</u>

तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय

## सहकारी दर्ता प्रमाणपत्र

दर्ता नं.:

तामाकोशी गाउँपालिका सहकारी ऐन, २०७५ ... को दफा ... बमोजिम श्री ... ... ... ... ... ... ... ... ... ... ... ... लाई सिमीत दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाणपत्र प्रदान गरिएको छ ।

वर्गीकरणः ... ... ... ... ... ... ... ...

दर्ता गरेको मितिः

दस्तखतः

दर्ता गर्ने अधिकारीको नामः

पदः

कार्यालयको छापः

प्रमाणीकरण मितिः २०७५।०१।२५

आज्ञाले,
दीपेश कट्टेल
प्रमुख प्रशासकीय अधिकृत